# नेपाल राजपत्र


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, चैत्र १४ गते, २०६३ साल (अतिरिक्तांक ६६


## भाग ५

## निर्वाचन आयोगको सूचना

### राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरु बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले निर्वाचन आयोग ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "अधिकार प्राप्त व्यक्ति" भन्नाले यस नियमावली बमोजिम राजनैतिक दल दर्ता गराउनका लागि नियम ६ बमोजिम अधिकार प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. जाँचबुझ र निर्णय : (१) आयोगले राजनैतिक दलले पेश गरेको निवेदन उपर देहाय बमोजिम जाँचबुझ गरी दल दर्ता सम्बन्धी निर्णय गर्नु पर्नेछ :-

(क) निवेदनमा खुलाउनु पर्ने कुरा खुलाए वा नखुलाएको,
(ख) दल दर्ता हुन आवश्यक शर्तहरु पूरा गरे वा नगरेको,
(ग) दल दर्ताको लागि राजनैतिक दलले पेश गरेको निवेदन र सो साथ संलग्न विवरण, कागजात पूरा भए वा नभएको ।

(२) उपनियम (१) बमोजिम निवेदन उपर जाँचबुझ गरी उपयुक्त देखिएमा त्यस्तो राजनैतिक दललाई आयोगले निर्वाचन प्रयोजनको लागि दर्ता गर्नु पर्नेछ ।

(३) आयोगले दर्ताको लागि प्राप्त भएको निवेदन, कागजात तथा विवरण पर्याप्त भएको नपाएमा निवेदन पेश गर्ने राजनैतिक दलसंग आवश्यक देखेको विषयमा थप जाँचबुझ गर्न वा आवश्यक देखेको कुरा बुझ्न सक्नेछ ।

(४) निवेदन पेश गर्ने राजनैतिक दल दर्ता हुन नसक्ने कारण र अवस्था देखिएमा आयोगले त्यस्तो दललाई प्रमाण सहित आफ्नो भनाइ पेश गर्न बढीमा सात दिन सम्मको समय दिनु पर्नेछ ।

(५) आयोगले भनाइ पेश गर्न दिएको समयभित्र राजनैतिक दलले पेश गरेको भनाइ एवं संलग्न प्रमाणसमेतका आधारमा त्यस्तो दल दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(६) आयोगले दिएको समयभित्र भनाइ पेश नगर्ने राजनैतिक दलले पछि आफ्नो भनाइ पेश गर्न पाउने छैन ।

(७) आयोगले दिएको समयभित्र कुनै राजनैतिक दलले भनाई पेश नगरेको कारणबाट निर्वाचन प्रयोजनको लागि त्यस्तो दल दर्ता गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्न आयोगलाई बाधा पुगेको मानिने छैन ।

(८) आयोगले निर्वाचन प्रयोजनको लागि दर्ता गरेका राजनैतिक दलहरुको नाम नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(९) आयोगले निवेदन पेश गर्ने राजनैतिक दलको दर्ता नगरेमा त्यसको जानकारी सात दिनभित्र सम्बन्धित राजनैतिक दललाई दिनु पर्नेछ ।

(१०) राजनैतिक दल दर्ता गर्ने नगर्ने सम्बन्धमा आयोगले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. एउटै नामबाट एक भन्दा बढी दल दर्ता नहुने : (१) एउटै नामबाट एकभन्दा बढी राजनैतिक दल निर्वाचन प्रयोजनको लागि दर्ता हुने छैन ।

(२) दल दर्ताको लागि निवेदन दिने दुई वा सोभन्दा बढी राजनैतिक दलको नाम एउटै देखिन आएमा आयोगले सम्बन्धित राजनैतिक दलसंग परामर्श गरी तत् सम्बन्धमा दलको नाम छुट्टा छुट्टै पहिचान हुन सक्ने गरी दर्ता गर्न सहमति कायम गर्ने प्रयास गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (२) बमोजिम राजनैतिक दलहरुसँग परामर्श गर्दा सम्बन्धित राजनैतिक दलहरु बीच दलहरुको नाम छुट्टा छुट्टै रुपमा पहिचान हुन सक्ने गरी दर्ता गर्न सहमति भएमा सोही बमोजिम आयोगले दल दर्ता गर्नु पर्नेछ ।

(४) राय परामर्शमा राजनैतिक दलहरु बीच सहमती कायम हुन नसकेमा आयोगले त्यस्ता दलहरु छुट्टा छुट्टै रुपमा पहिचान हुन सक्ने गरी दर्ता गर्ने निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद – ३
## दर्ता खारेज

१५. निर्वाचन प्रयोजनको लागि दर्ता भएको दल खारेज हुने अवस्था : निर्वाचन प्रयोजनको लागि दर्ता भएको राजनैतिक दलको दर्ता देहायका अवस्थामा खारेज हुनेछ :-

(क) सम्बन्धित राजनैतिक दल आफैले आफ्नो दर्ता खारेज गर्न आयोग समक्ष निवेदन दिएमा,

(ख) लगातार तीन वर्षसम्म प्रचलित कानून बमोजिम आयोगलाई बुझाउनुपर्ने बिबरण नबुझाएमा,

(ग) संबिधान वा निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम राजनैतिक दल दर्ता गर्न पूरा गर्नु पर्ने शर्त पूरा नगरेमा ।

१६. दल दर्ता खारेजको प्रक्रिया : (१) नियम १५ बमोजिम आयोगमा दर्ता रहेको राजनैतिक दलको दर्ता खारेज गर्दा दल आफैले आफ्नो दर्ता खारेज गर्न निर्वाचन आयोग समक्ष निवेदन दिएको वा लगातार तीन वर्षसम्म प्रचलित कानून बमोजिम आयोगलाई बुझाउनु पर्ने विवरण नबुझाएमा बाहेक अन्य अवस्थामा दर्ता खारेज गर्नु पूर्व राजनैतिक दललाई आफ्नो भनाई पेश गर्न आयोगले एक महिनाको म्याद दिनु पर्नेछ ।

(२) त्यस्तो म्यादभित्र भनाइ पेश नगरेमा वा पेश गरेको भनाइ मनासिव नदेखिएमा आयोगले त्यस्तो दलको दर्ता खारेज गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम राजनैतिक दलको दर्ता खारेज गरिएको सूचना आयोगले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१७. दर्ता खारेज भएको दलको नाम, झण्डा र चिन्ह : यस नियमावली बमोजिम दर्ता खारेज भएको राजनैतिक दलको नाम, झण्डा र चिन्ह प्रयोगका सम्बन्धमा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

१८. पुनरावेदन : यस नियमावली बमोजिम आयोगले कुनै राजनैतिक दलको दर्ता खारेज गर्ने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने राजनैतिक दलले त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैतीस दिन भित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।


३२९८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद - ४

विविध

१९ राजनैतिक दलको मान्यता : (१) ऐन प्रारम्भ भए पछि निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले ऐन र यस नियमावलीमा लेखिए बमोजिमको रीत पुऱ्याई आयोगमा दर्ता भएमा त्यस्तो राजनैतिक दलले निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गरेको मानिनेछ ।

(२) ऐन प्रारम्भ हुनु अघि निर्वाचन प्रयोजनको लागि आयोग समक्ष दर्ता भएको राजनैतिक दलले ऐन प्रारम्भ भए पछि निर्वाचनमा भाग लिन आयोगबाट मान्यता प्राप्त गर्न चाहेमा ऐन र यस नियमावलीमा लेखिएको रीत पुऱ्याई आयोग समक्ष दर्ता गराएमा त्यस्ता राजनैतिक दलले निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गरेको मानिनेछ ।

(३) ऐन र यस नियमावलीमा लेखिएका रीत पुऱ्याई आयोग समक्ष एक पटक दर्ता भएका राजनैतिक दल कुनै पनि निर्वाचनमा भाग लिन पुन: दर्ता गराउनु पर्नेछैन । त्यसरी दर्ता भएका राजनैतिक दलले प्रत्येक निर्वाचनका लागि मान्यता प्राप्त गरेको मानिनेछ ।

तर आयोगले नियम ४ बमोजिम राजनैतिक दल दर्ता गराउनको लागि प्रकाशित गरेको सूचनाको म्याद भित्र त्यस्तो राजनैतिक दलले निर्वाचनमा भाग लिने कुराको जानकारी आयोगलाई दिनु पर्नेछ ।

२०. अनुसूचीमा हेरफेर तथा थपघट : आयोगले अनुसूचीहरुमा आवश्यकतानुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२५८८

अनुसूची - १
(नियम ५ सँग सम्बन्धित)

## निर्वाचन प्रयोजनको लागि राजनैतिक दल दर्ता गर्नको लागि दिने निवेदन

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ र निर्वाचन आयोग ऐन, २०६३ को दफा १९ बमोजिम निर्वाचनको प्रयोजनको लागि आयोगबाट मान्यता प्राप्त गर्न राजनैतिक दल दर्ताको निमित्त मिति .................. मा निर्वाचन आयोगबाट प्रकाशित सूचना अनुसार देहाय बमोजिमको विवरण खोली यो निवेदन पेश गर्दछु :-

यस राजनैतिक दलले नेपालको अन्तरिम संविधान, २०६३ र प्रचलित कानूनले व्यवस्था गरेका शर्तहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

१. राजनैतिक दल सम्बन्धी विवरण :

| राजनैतिक दलको पूरा नाम | संक्षिप्त नाम | स्थापना भएको मिति | प्रधान कार्यालयको ठेगाना | पत्राचारको ठेगाना | टेलिफोन नं. | इमेल ठेगाना | वेभ साइट | दलको कुल साधारण सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरु :

| क. सं | नाम | पद | ठेगाना | टेलिफोन नं. | इमेल ठेगाना | नागरिकता प्रमाणपत्र नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

द्रष्टव्य : केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुले निवेदनमा दस्तखत गरेको हुनु पर्नेछ । तर त्यस्तो समितिका कुनै सदस्यले काबु बाहिरको परिस्थिति परी तत्काल दस्तखत गर्न नसकेको अवस्था भएमा त्यस्तो सदस्यको दस्तखत राजनैतिक दलले पछि पेश गर्नु पर्नेछ ।



2284

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३. माग गरिएको निर्वाचन चिन्ह (प्राथमिकता अनुसार लेख्ने)

(क) ..............................
(ख) ..............................
(ग) ..............................
(घ) ..............................

४. केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन भएको छ भने पछिल्लो निर्वाचन भएको मिति :

५. निर्वाचन आयोग ऐन, २०६३ प्रारम्भ हुन अघि आयोगमा दर्ता भएको भए दर्ता मिति :

६. निम्नलिखित विवरणहरु संलग्न छन् :-

(क) विधान ।
(ख) घोषणापत्र ।
(ग) नियमावली ।
(घ) झण्डा ।
(ङ) चिन्ह ।
(च) केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीय स्तरको समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति ।
(छ) राजनैतिक दल दर्ता गर्ने प्रयोजनका लागि मतदाताहरुको समर्थन सहितको हस्ताक्षर रहेको पाना ............ ।
(ज) अन्तरिम व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गरेको भए सो प्रमाणित हुने लिखत ।
(झ) केन्द्रीय कार्यकारिणी समितिले राजनैतिक दल दर्ता गर्न निवेदन दिने व्यक्तिलाई अधिकार दिएको पत्र ।

माथि लेखिएको व्यहोरा सत्य भएको घोषणा गर्दछु ।

राजनैतिक दलको छाप

राजनैतिक दलको तर्फबाट अधिकार प्राप्त व्यक्तिको,-

सही ..............................
नाम, थर ..............................
पद ..............................
मिति ..............................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २
(नियम ६ सँग सम्बन्धित)
अधिकार पत्र

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

निर्वाचन प्रयोजनको लागि राजनैतिक दल दर्ता गराउन ................................ नामक राजनैतिक दलको तर्फबाट निम्नलिखित व्यक्तिलाई अधिकार दिइएको छ :-

अधिकार प्राप्त व्यक्तिको पूरा नाम, थर :- ................................
पद :- ................................
ठेगाना :- ................................
फोन नं. :- ................................
मोबाइल नं. :- ................................
फ्याक्स नं. :- ................................
इमेल :- ................................

अधिकार प्राप्त व्यक्तिको सहीको नमूना :-

| | |
|---|---|
| १. | |
| २. | |

राजनैतिक दलको छाप

सभापति वा महामन्त्री वा सो सरहको पदाधिकारीको

सही :- ................................
नाम, थर :- ................................
पद :- ................................
मिति :- ................................



मुद्रण विभाग, सिंहदरबार

०६९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ३
(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन

विषय :- मतदाताहरुको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पेश गरेको ।

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गर्न त्यस आयोगमा दर्ता गराउनका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ को उपधारा (५) बमोजिम मतदाताहरुको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पाना ........ यसै साथ पेश गरेको छु ।

राजनैतिक दलको नाम :-

अधिकार प्राप्त व्यक्तिको :-

सही :-
नाम, थर :–
मिति :-

राजनैतिक दलको छाप

2459

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।